# विधेयक

# पोखरा महानगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन , २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५ माघ |

## पोखरा महानगरपालिका

## कास्की जिल्ला , गण्डकी प्रदेश , नेपाल

# पोखरा महानगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन , २०७५

**प्रस्तावनाः** पोखरा महानगरपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजिकरण गर्न, सार्वजनिक तथा नीजि सम्पत्तिको सुरक्षा र संरक्षण गरी महानगरपालिकामा विधि र कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, महानगरक्षेत्र भित्रका प्राकृतिका तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न तथा जुनसुकै वेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल संवोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गदै महानगरवासीलाई स्थानीय सरकारको अनुभूती प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ (४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम पोखरा महानगरपालिकाको चौथो नगर सभाले यो ऐन बनाइ कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस ऐनको नाम “ पोखरा महानगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन , २०७५ ” रहेको छ।

ख) यो ऐन  नगर सभाद्धारा पारित गरेपछि स्थानीय राजपत्रमा प्रकाशित मिति देखी लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐन मा :

क) “ऐन” भन्नाले नगर प्रहरी व्यवस्थापन ऐन , २०७५ लाई सम्झनु पर्दछ।

ख) “महानगरपालिका” भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ।

ग) “सभा” भन्नाले महानगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

घ) " प्रमुख " भन्नाले महानगरपालिको प्रमुखलाई सम्झनु पर्दछ |

ङ) " उप-प्रमुख " भन्नाले महानगरपालिको उप-प्रमुखलाई सम्झनु पर्दछ |

च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ |

छ) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ज) जवान भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्छ ।

झ) नगर प्रहरी कर्मचारी भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठन :** (१)महानगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) नगर प्रहरी अधिकृत र जवानहरुको तलब र सेवाको अन्य शर्त कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ |

**(३)** नगर प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र नगर प्रहरीलाई निर्देशन गर्ने अधिकार कार्यपालिकाको हुनेछ र कार्यपालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ |

**४. महानगरपालिकामा रहने नगर प्रहरीको पद र तह :**

क) महानगरपालिकामा रहने  नगर प्रहरीको पद र तह कार्यपालिकाले तोके बमोजिमको रहने छन ।

ख) महानगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

ग) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार  स्थानीय सरकार संचालन ऐन – २०७४ वमोजिम हुनेछ। अरु कार्यको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ |

## परिच्छेद– ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :**

क) महानगरपालिकाको सम्पतिको सुरक्षा र संरक्षण

ख) महानगरमा हुने सभा समारोह , परम्परा तथा जात्र , चाडपर्व को सुरक्षा , व्यवस्थापन ,

ग) मह्नगरको बजार तथा पार्किंग स्थल को रेखदेख र व्यवथापन ,

घ) महानगरको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन ,

ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन ,

च) सार्वजनिक , ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुराक्षा,

छ) विपद व्यवस्थापन सम्बन्धी खोजी , उद्दार , राहत तथा पुनस्थापना ,

ज) अनाधिकृत विज्ञापन तथा होडिंग बोर्ड नियन्त्रण ,

झ) छाडा पशु चौपायाको नियन्त्रण ,

ञ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण ,

ट)  कार्यपालिकाले तोकेको अन्य कार्य |

## परिच्छेद– ४

## तह विभाजन र पदपूर्ति

**६. पद सिर्जना तथा दरवन्दी खारेज :**

क) महानगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ।

ख) दरवन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सक्ने/नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

ग) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि प्रचलित कानुन बमोजिम संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ |

घ)नगर प्रहरी पद स्थायी हुने छैनन |

ङ) क्रमश वडा कार्यालयहरुमा समेत नगर प्रहरीको व्यवस्था गरिदै लगिनेछ |

**७. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ।

क) नगर प्रहरी निरीक्षक

ख) नगर प्रहरी सहायक निरीक्षक

ग) नगर प्रहरी जवान

घ) नगर प्रहरी सहयोगी

**८. नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ।

**९. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :**

**(क) नगर प्रहरी निरीक्षक पदको** लागि हुने खुल्ला प्रतियोगिताको योग्यता **अनुसूची १** वमोजिम हुनेछ |

**(ख) नगर प्रहरी सहायक निरीक्षकको पदको** लागि हुने खुल्ला प्रतियोगिताको योग्यता **अनुसूची २** वमोजिम हुनेछ |

**(ग) नगर प्रहरी जवान** लागि हुने खुल्ला प्रतियोगिताको योग्यता **अनुसूची ३** वमोजिम हुनेछ |

**(घ) नगर प्रहरी सहायक पदको** लागि हुने खुल्ला प्रतियोगिताको योग्यता **अनुसूची ४** वमोजिम हुनेछ |

**१०. पदपूर्ति समिति** : कार्यपालिकाबाट पदपूर्ति समिति गठन हुनेछ | नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ |

(क) दफा ७ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्ति सँग सम्बन्धीत अन्य कार्य गर्ने ।

झ) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१२. योग्यताक्रम सूची तयार गर्ने**

क) उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ। कुल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

ख) सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ।

ग) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस(३५) दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ।

घ) निर्णय भएको मितिले सात(७) दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ।

ङ) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

**१३. ज्येष्ठताक्रम कायम गर्ने**

क) नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको ज्येष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ।

ख)वहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ|

**१४. परीक्षणकालमा राखिने :** नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई तिन (३) महिनाको परीक्षणकालमा राखिनेछ। सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर कार्यपालिकाको निर्णय बमजिम प्रमुख प्रशासकीय अधिकृतले करार भंग गर्न सक्नेछन।

**१५. नियुक्ति सदर** : परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा र महानगरपालिकाको झण्डा सामु शपथग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ।

**परिच्छेद ५**

**आचरण**

**१६. दान उपहार लिन नहुने :** नगर प्रहरीले महानगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन।

**१७. चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले महानगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

**१८. सम्पत्तिको विवरण पेश गर्नुपर्ने** : नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन (३) महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ।

**१९. व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर व्यापार व्यवसाय गर्नु हुँदैन|

**२०. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीले महानगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैहसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अन्य व्यक्ति वा सस्थालाई जानकारी गराउनु हुँदैन।

**२१. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** नगर प्रहरी कर्मचारीले नेपाल सरकार र महानगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन। तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ।

**२२. महानगरपालिकाको आलोचना:** नगर प्रहरी कर्मचारीले महानगरपालिकाको नीतिको विपरित अथवा महानगरपालिका र महानगरपालिकामा आंच आउने गरी भाषण, सम्वाद, लेख रचना प्रकाशन गर्नुहुदैन।

**२३. निर्वाचनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन।

**२४. राजनीतिमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन।

**२५. समय पालन र नियमितता:** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नुपर्नेछ।

**२६. अनुशासन र आज्ञापालन:**

क) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ।

ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ।

ग) नगर प्रहरी कर्मचारीले Chain of Command मा रही कार्यसम्पादन गर्नुपर्नेछ।

**२७. बाहिरी प्रभाव पार्न नहुने:** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाब पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन।

२८. नगर प्रहरी कर्मचारीले मुलुकी देवानी (संहिता) ऐन विवाह बारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन।

**२९. लैंगिक संबेदनशिल हुनुपर्ने :** कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशिल रहनुपर्नेछ|

**३०. हातपात वा जोरजुलुम गर्न नहुने** : कुनै पनि नगर प्रहरी कर्मचारीले आफु भन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जुरजुलुम गर्न वा गराउन हुदैन|

**परिच्छेद– ६**

## सजाय र पुनरावेदन

**३१. सजाय:** मनाशिव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ |

क) शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने।

ख) नसिहत दिने।

ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने।

घ) लापरवाहीको कारण महानगरपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ।

ङ) एक तह तलको पदमा घटुवा गर्ने।

च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

**३२. नसिहत दिने वा प्रतिकूल राय लेख्ने:** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चाल चलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

**३३. तलब वृद्धि वा पदोन्नति रोक्ने**: नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ।

**३४. दर्जा र तलब घटाउने:** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र पोखरा महानगरपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ।

क) सन्तोषजनक काम नगरेमा।

ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा।

ग) आचरण  उल्लंघन गरेमा।

घ) मनाशिव कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा।

ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा।

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा।

**३५. सजाय सम्बन्धी कार्यविधि:**

क) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

ख) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ। जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ।

ग) कुनै फौजदारी अभियोगमा तारेख भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ।

**३६. सजायको आदेश जाँचवुझको लागि दिने:** काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसंग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलव्ध गराउनुपर्नेछ।

## परिच्छेद ७

## पोशाक

**३७. नगर प्रहरी पोशाक:** नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण महानगरपालिकाले तोके बमोजिम हुनेछ|

**३८. प्रारम्भिक पोशाक र सामान :** नगर प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिए बमोजिमको पोशाक र सामान उपलव्ध गराइनेछ |

**३९. जाडो मौसमका लागि दिइने पोशाक:** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यालयले उपलव्ध गराइनेछ |

**४०. सेरेमोनियल पोशाक :** अधिकृत कर्मचारीहरुलाई सेरेमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराइनेछ |

**४१. तयारी पोशाकको सुविधा:** नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलव्ध गराइने छ |

## परिच्छेद १५

## विविध

**४२. पुरस्कार तथा प्रोत्साहन:** महानगरपालिकाका पदाधिकारीहरुले आफु र मातहतका कर्मचारीहरूले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय प्रसंशनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ |

**४३. दशै खर्च पाउने:** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशै खर्चको रुपमा पाउनेछ।

**४४. बाधा अड्काउ फुकाऊ:** नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस ऐन मा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ | यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**४५. नियम , निर्देशिका , कार्यविधि र मापदण्ड बनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम , निर्देशिका , कार्यविधि र आचारसंहिता बनाई लागु गर्न सक्नेछ |

**४६. ऐन संशोधन:** यस ऐनमा आवश्यक संशोधन पोखरा महानगरपालिकाको नगर सभाले गर्न सक्नेछ।

## अनुसूची १

### (दफा ९ (क) बमोजिम )

**नगर प्रहरी निरीक्षक पदको** लागि आवश्यक न्यूनतम योग्यता :

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको |

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको |

अनुसूची १ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ वर्ष उमेर ननाघेको हुनुपर्नेछ |

## अनुसूची २

**(दफा ९ (ख) बमोजिम )**

**नगर प्रहरी सहायक निरीक्षकको** पदको लागि आवश्यक न्यूनतम योग्यता :

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको | वहालवाला नगर प्रहरीको हकमा पुरुषको हकमा ३५ वर्ष , महिलाको हकमा ४० वर्ष ननाघेको |

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको |

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको |

अनुसूची २ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ |

## अनुसूची ३

### (दफा ९ (ग) बमोजिम )

**नगर प्रहरी जवान** पदको लागि आवश्यक न्यूनतम योग्यता :

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको |

ख) कम्तिमा ८ कक्षा वा सो सरह उत्तीर्ण गरेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको ।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको |

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको |

अनुसूची ३ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ३७ वर्ष उमेर ननाघेको हुनुपर्नेछ |

## अनुसूची ४

### (दफा ९ (घ) बमोजिम )

**नगर प्रहरी कार्यलय सहयोगी** पदको लागि आवश्यक न्यूनतम योग्यता :

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको |

ख) आधारभूत तह उतिर्ण गरेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको ।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको |

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको |

अनुसूची ४ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ |